जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २८२ | २०८३ साल जेठ १४ गते बिहीवार | Thursday-28-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com

## सम्पादकीय...........

# शिक्षा कि संरचना मात्रै ?

स्थानीय तह गठनपछि गाउँ-गाउँमा विकासको नयाँ बहस सुरू भयो । सडक, भवन, खानेपानी र स्वास्थ्यसँगै शिक्षा क्षेत्र पनि स्थानीय सरकारको प्राथमिकतामा पर्न थाल्यो । बारा जिल्लाको बारागढी गाउँपालिकाले पछिल्लो समय शिक्षा क्षेत्रलाई केन्द्रमा राखेर विद्यालय भवन निर्माणलाई तीव्रता दिएको समाचारले सकारात्मक संकेत दिएको छ । तर प्रश्न यहाँनेर उठ्छ–के शिक्षा सुधार केवल भवन निर्माणले मात्रै सम्भव छ ?

गाउँपालिका अध्यक्ष अशोक जयसवालको पहलमा विभिन्न विद्यालयमा नयाँ तथा अधुरा भवन निर्माण भइरहेको छ । बिसुनपूर्वाको नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा ७५ लाख रूपैयाँ लागतको चार कोठे भवन, पिपरा बसतपुरको विद्यालयमा ५६ लाखको अधुरो भवन सम्पन्न गर्ने प्रयास तथा पोखरियामा ७५ लाख ८६ हजार लागतको नयाँ भवन निर्माणले स्थानीय सरकार शिक्षा पूर्वाधारप्रति गम्भीर देखिएको संकेत अवश्य दिन्छ । यसअघि बुधगाई र गडहलका विद्यालयमा एक-एक करोड रूपैयाँको भवन निर्माण सम्पन्न हुनु पनि कम उपलब्धि होइन । ग्रामीण क्षेत्रमा वर्षौंदेखि जिर्ण भवन, कक्षाकोठा अभाव र असुरक्षित वातावरणमा पढ्न बाध्य विद्यार्थीका लागि यी संरचनाले केही राहत दिने निश्चित छ ।

तर शिक्षा केवल इँटा, सिमेन्ट र रंगरोगनले मात्रै गुणस्तरीय हुँदैन । भवन बनेर मात्र विद्यार्थीको भविष्य बन्दैन । कक्षाकोठा सुविधासम्पन्न भए पनि यदि शिक्षक अभाव छ, शिक्षण पद्धति कमजोर छ, विद्यार्थी नियमित छैनन्, प्रविधिमैत्री सिकाइ छैन भने भव्य भवन पनि खाली खोल जस्तै बन्न सक्छ ।

आज धेरै सामुदायिक विद्यालयमा भवन छन्, तर विद्यार्थी छैनन् । कतै शिक्षक छन्, तर गुणस्तरीय पढाइ छैन । कतै अभिभावकको विश्वास हराएको छ । त्यसैले स्थानीय सरकारले पूर्वाधारसँगै शिक्षाको गुणस्तर सुधारमा समानान्तर लगानी गर्नुपर्छ । विद्यालयमा दक्ष शिक्षक व्यवस्थापन, डिजिटल शिक्षा, विज्ञान तथा कम्प्युटर प्रयोगशाला, पुस्तकालय, खेलकुद र विद्यार्थीको मनोवैज्ञानिक विकासतर्फ पनि ध्यान दिन जरूरी छ । भवन निर्माणको राजनीतिक प्रचारभन्दा विद्यालयको शैक्षिक उपलब्धि महत्वपूर्ण हुनुपर्छ । वडा प्रत्याशी हरिनारायण साहले बिसुनपूर्वा विद्यालयलाई भविष्यमा १२ कोठे भवनमा विस्तार गर्नुपर्ने माग उठाएका छन् । यो माग विद्यार्थी संख्या बढ्दो छ भन्ने संकेत हुन सक्छ । तर भवन थप्नुअघि विद्यालयको शैक्षिक अवस्था, नतिजा, शिक्षक दरबन्दी र दीर्घकालीन योजना पनि मूल्यांकन हुन आवश्यक छ ।

स्थानीयवासी र अभिभावकले गाउँपालिकाको सक्रियताको प्रशंसा गरेका छन्, जुन सकारात्मक कुरा हो । तर उनीहरुले दिएको सुझाव अझ महत्वपूर्ण छ–"भवनसँगै गुणस्तरीय शिक्षामा ध्यान दिइयोस् ।"

स्थानीय सरकारको सफलता केवल कति भवन बने भन्नेमा होइन, ती भवनभित्र कति सक्षम, सचेत र प्रतिस्पर्धी विद्यार्थी तयार भए भन्नेमा मापन हुनुपर्छ । शिक्षा क्षेत्रमा गरिएको लगानीले जब समाजको चेतना बदल्छ, तब मात्रै विकासले वास्तविक अर्थ पाउँछ ।

# कांग्रेसको १५औं महाधिवेशनको मार्गचित्र



डा. शोभाकर पराजुली

कांग्रेसमा एकातिर आन्तरिक विवाद, नेतृत्व संकट र जनअसन्तुष्टि छन् भने अर्कोतिर ऐतिहासिक विरासत, संगठनात्मक आधार र जनविश्वास । देशैभर नयाँ राजनीतिक शक्तिहरू उदाइरहेका, पुराना दलहरूप्रति आम रूपमा एक प्रकारको वितृष्णा फैलिएको र मतदातामा 'परिवर्तन'को चाहना तीव्र रूपमा अभिव्यक्त भइरहेको वर्तमान राजनीतिक परिवेशमा पनि नेपाली राजनीतिले एउटा महत्वपूर्ण सन्देश दिएको छ । त्यो सन्देश हो– समग्र असन्तुष्टि र विकल्प खोजीको मनोविज्ञानका बीच पनि उल्लेखनीय संख्यामा मतदाताले अझै नेपाली कांग्रेसप्रति विश्वास कायम राखेका छन् । यो केवल अंकगणितीय तथ्यमात्र होइन, बरु राजनीतिक दृष्टिले अत्यन्त अर्थपूर्ण संकेत हो ।

यसले देखाउँछ कि जनताको एउटा उल्लेखनीय हिस्साले अझै पनि स्थायित्व, लोकतान्त्रिक मूल्य, संस्थागत निरन्तरता र अनुभवी नेतृत्वलाई प्राथमिकता दिइरहेको छ। सरकारको नेतृत्वबाट बञ्चित भए पनि पार्टी प्रमुख प्रतिपक्षीको भूमिकामा रहन पुग्यो । यस अवस्थाले एकातिर चुनौती प्रस्तुत गरेको छ भने अर्कोतिर अवसर पनि दिएको छ– आफ्नो संगठन, नीति र दृष्टिकोणलाई पुनर्समीक्षा गर्ने अवसर। यस्तो प्रतिकूल राजनीतिक परिस्थितिमा पनि नेपाली कांग्रेसलाई रोज्ने मतदाता को हुन् भन्ने प्रश्न अत्यन्त महत्वपूर्ण छ। उनीहरूले किन अझै 'रुख' चिह्नमा विश्वास गरे भन्ने विषयमा गहिरो विश्लेषण गर्दा स्पष्ट हुन्छ कि उनीहरूको निर्णय आकस्मिक होइन, बरु मूल्य र अनुभवमा आधारित छ ।

लोकतन्त्रप्रतिको ऐतिहासिक प्रतिबद्धता, संविधान र संस्थागत संरचनाप्रति विश्वास, अस्थिर वा चरमपन्थी प्रयोगप्रति आशंका, अनुभवी नेतृत्वबाट स्थायित्वको अपेक्षा तथा समावेशी र उदार राजनीतिक धारप्रति आस्थाजस्ता कारणले उनीहरूलाई कांग्रेससँग जोडेर राखेको छ । यी मतदाताहरू केवल समर्थकमात्र होइनन्, उनीहरू नै पार्टीको वास्तविक आधार, यसको मेरुदण्ड र भविष्यका संरक्षक हुन् । त्यसैले, उनीहरूको विश्वासलाई जोगाउनुमात्र होइन, अझ सुदृढ बनाउनु नै आगामी १५औं महाधिवेशनको मूल उद्देश्य हुनुपर्छ। यस सन्दर्भमा सबैभन्दा पहिलो र अनिवार्य सर्त हो– आन्तरिक एकता । विगतका वर्षहरूमा नेपाली कांग्रेसभित्र देखिएको गुटबन्दी, नेतृत्वबीचको प्रतिस्पर्धा र कहिलेकाहीँ व्यक्तिगत स्वार्थले प्रेरित विवादहरूले पार्टीको छवि र प्रभावलाई कमजोर बनाएको छ ।

नीति स्पष्ट नभएसम्म जनतामा विश्वास पुनर्स्थापित हुन सक्दैन । निर्वाचन परिणामले जनतासँग दलहरूको दूरी बढ्दै गएको संकेत पनि दिएको छ । कांग्रेसले यसलाई गम्भीर रूपमा लिँदै जनतासँग पुन:सम्बन्ध स्थापना गर्नुपर्नेछ ।

न्यायालयसम्म पुगेका वैधानिकतासम्बन्धी मुद्दाहरूले कार्यकर्तामा अन्योल र निराशा सिर्जना गरेका थिए । अब ती विवादहरू समाधान भइसकेको अवस्थामा पनि यदि स्वार्थको द्वन्द्वलाई निरन्तरता दिइयो भने त्यसले पार्टीलाई दीर्घकालीन रूपमा क्षति पुऱ्याउनेछ । कठिन अवस्थामा पनि पार्टी नछोड्ने कांग्रेसी कार्यकर्ताहरूको भावनालाई सम्मान गर्नु नेतृत्वको प्रमुख जिम्मेवारी हो । उनीहरूलाई एकताको अनुभूति दिलाउनु, सम्मान गर्नु र निर्णय प्रक्रियामा सहभागी गराउनु नै साँचो नेतृत्वको परीक्षा हो ।

१५औं महाधिवेशनलाई केवल नियमित संगठनात्मक प्रक्रिया नभई एक ऐतिहासिक अवसरका रूपमा लिनुपर्छ । यो अवसरलाई 'एकताको महायज्ञ'का रूपमा रूपान्तरण गर्न सकियो भने मात्र यसको वास्तविक अर्थ प्रकट हुनेछ । महाधिवेशनले पार्टीको दिशा, नेतृत्व र भविष्य निर्धारण गर्ने भएकाले यसमा सबै गुट, विचारधारा र समूहलाई समेट्ने प्रयास आवश्यक छ । प्रतिस्पर्धा स्वाभाविक हो, तर त्यो स्वस्थ र मर्यादित हुनुपर्छ। परिणामपछि सहकार्य गर्ने संस्कार विकास गर्न सकियो भने मात्र महाधिवेशनले एकता बलियो बनाउनेछ । विभाजन होइन, एकताको सन्देश दिने नेताहरू नै आम कांग्रेसीको विश्वास जित्न सक्षम हुन्छन् । महाधिवेशनलाई सफल बनाउन संगठनात्मक सुधार अनिवार्य छ । विशेष महाधिवेशन र १४औं महाधिवेशनबाट निर्वाचित संरचनाहरूलाई समायोजन गरी एक प्रभावकारी कार्यसम्पादन समिति गठन गर्न सकिन्छ, जसले संक्रमणकालीन व्यवस्थापन, विवाद समाधान र महाधिवेशनको तयारीमा केन्द्रित भएर काम गर्नेछ । यसले गुटीय टकराव कम गर्न र साझा नेतृत्वको अभ्यासलाई संस्थागत गर्न मद्दत पुऱ्याउँछ । महाधिवेशनको विश्वसनीयता त्यसको निर्वाचन प्रक्रियामा निर्भर हुन्छ। यदि निर्वाचन प्रक्रिया निष्पक्ष, पारदर्शी र विश्वसनीय भयो भने परिणामप्रति सबै पक्षले स्वीकृति जनाउने वातावरण बन्छ । त्यसका लागि उम्मेदवार नबन्ने, निष्पक्ष छवि भएका व्यक्तिहरूको नेतृत्वमा निर्वाचन समिति गठन गर्नु आवश्यक छ । प्रविधिको प्रयोग गरी मतदान प्रणालीलाई पारदर्शी बनाउनु र सम्पूर्ण प्रक्रियालाई विवादरहित बनाउनु आजको आवश्यकता हो ।

कांग्रेसको संगठनात्मक आधार क्रियाशील सदस्यता हो, तर विगतमा यसमा देखिएका विकृति र विवादले संगठनलाई कमजोर बनाएको छ । सदस्यताको निष्पक्ष छानबिन, पारदर्शी अभिलेख प्रणाली र समावेशी विस्तार बिना संगठन बलियो हुन सक्दैन । नयाँ पुस्ता, महिला, दलित, जनजाति र मधेसी समुदायलाई प्राथमिकतामा राख्दै सदस्यता विस्तारलाई रणनीतिक रूपमा अघि बढाउनु आवश्यक छ । 'नयाँ कांग्रेस'को अवधारणा व्यवहारमा उतार्न यही आधार महत्वपूर्ण हुन्छ । आजको राजनीतिक यथार्थले देखाएको छ कि पुरानो शैली र सोचले मात्र नयाँ चुनौतीहरू समाधान गर्न सकिँदैन । युवापुस्ताको अपेक्षा फरक छ– उनीहरू पारदर्शिता, दक्षता, परिणाममुखी शासन र समान अवसर चाहन्छन् ।

त्यसैले कांग्रेसले युवालाई नेतृत्वमा स्थान दिनु, नीतिगत बहसलाई प्राथमिकता दिनु र आधुनिक प्रविधि तथा सञ्चार माध्यमलाई अँगाल्नु अपरिहार्य भइसकेको छ । नवीकरणबिना कुनै पनि राजनीतिक दलको भविष्य सुरक्षित रहँदैन, कांग्रेस पनि यसबाट अपवाद हुन सक्दैन । वैचारिक स्पष्टता पनि अर्को महत्वपूर्ण पक्ष हो । नेपाली कांग्रेस ऐतिहासिक रूपमा लोकतान्त्रिक समाजवादको पक्षधर भए पनि व्यवहारमा यसको स्पष्टता कमजोर भएको आलोचना हुने गरेको छ । १५औं महाधिवेशनले आर्थिक नीति, संघीयता कार्यान्वयन, सुशासन, भ्रष्टाचार नियन्त्रण, शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता विषयमा स्पष्ट, व्यावहारिक र कार्यान्वयनयोग्य नीति प्रस्तुत गर्नुपर्छ । नीति स्पष्ट नभएसम्म जनतामा विश्वास पुनर्स्थापित हुन सक्दैन ।

निर्वाचन परिणामले जनतासँग दलहरूको दूरी बढ्दै गएको संकेत पनि दिएको छ । कांग्रेसले यसलाई गम्भीर रूपमा लिँदै जनतासँग पुन: सम्बन्ध स्थापना गर्नुपर्नेछ । स्थानीय तहदेखि केन्द्रसम्म जनसंवाद कार्यक्रम सञ्चालन गर्नु, सेवा प्रवाहमा सुधार ल्याउनु र जनताको गुनासो सुन्ने प्रभावकारी संयन्त्र विकास गर्नु अत्यावश्यक छ। जब पार्टी जनतासँग जोडिन्छ, तबमात्र संगठन बलियो बन्छ । प्रतिपक्षको जिम्मेवारीमा खरो उत्रिँदै आगामी दिनमा ऐतिहासिक रूपमा विकल्प कांग्रेस नै हो भन्ने सिद्ध गर्ने बेला हो यो । हाल कांग्रेस प्रमुख प्रतिपक्षी भूमिकामा हुँदा यो केवल आलोचना गर्नेमात्र होइन, विकल्प प्रस्तुत गर्ने जिम्मेवारी पनि हो । सरकारका गलत कामको तथ्यसहित विरोध, राम्रो काममा समर्थन, वैकल्पिक नीति र कार्यक्रम प्रस्तुत गर्नाले नै यसले पार्टीलाई जिम्मेवार र परिपक्व शक्ति बनाउँछ। त्यसका लागि पार्टी आफै बलियो र एक ढिक्का हुन आवश्यक छ ।

अर्थात्, हाल कांग्रेस प्रमुख प्रतिपक्षी भूमिकामा रहेको सन्दर्भमा यसको जिम्मेवारी अझ बढेको छ। प्रतिपक्षको भूमिका केवल आलोचना गर्ने होइन, विकल्प प्रस्तुत गर्ने पनि हो । सरकारका कमजोरीहरूको तथ्यसहित विरोध गर्दै राम्रो काममा समर्थन जनाउने र वैकल्पिक नीति प्रस्तुत गर्ने परिपक्वता देखाउन सकेमा कांग्रेस एक जिम्मेवार र विश्वसनीय राजनीतिक शक्तिका रूपमा स्थापित हुन सक्छ। आज नेपाली कांग्रेस एक निर्णायक मोडमा उभिएको छ । एकातिर आन्तरिक विवाद, नेतृत्व संकट र जनअसन्तुष्टि छन् भने अर्कोतिर ऐतिहासिक विरासत, संगठनात्मक आधार र जनविश्वास पनि छन् । १५औं महाधिवेशनले यी दुईबीचको दूरी कम गर्दै नयाँ ऊर्जा दिन सक्ने क्षमता राख्छ। यदि एकता कायम गर्न सकियो, प्रक्रिया निष्पक्ष बनाउन सकियो, नीति स्पष्ट गर्न सकियो र नयाँ पुस्तालाई नेतृत्वमा समावेश गर्न सकियो भने कांग्रेस पुन: देशको प्रमुख राजनीतिक शक्तिका रूपमा स्थापित हुन सक्छ ।

गौर प्राथमिक कान उपचार केन्द्र

गौर - १, रौतहट

यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं - + ९७७ ९८५११९१०५०,९८४४४४४३४७

इंडियन नं :- +91 8935959150

सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उत्तर

## अन्तराष्ट्रिय समाचार

# भारतमा चरम गर्मी चेतावनी



***नयाँदिल्ली-*** भारतमा बढ्दो चरम गर्मी र त्यसबाट उत्पन्न जोखिमप्रति प्रधानमन्त्री नरेन्द्र मोदीले बुधबार कडा चेतावनी जारी गरेका छन् ।

विश्वकै सबैभन्दा बढी जनसङ्ख्या भएको देशमा तापक्रम असामान्य रूपमा बढिरहेका बेला उहाँले नागरिकहरूलाई सावधानी अपनाउन आग्रह गरेका हुन् । यसैबीच, जङ्गलमा लागेको आगो नियन्त्रण गर्न सेनाले लामो समयसम्म सङ्घर्ष गरिरहेको छ भने गर्मीका कारण मृत्युका घटनासमेत रिपोर्ट भएका छन् । अन्तर्राष्ट्रिय वायु गुणस्तर अनुगमन प्लेटफर्म एक्युआईका अनुसार बुधबार दिउँसो विश्वका ४५ सबैभन्दा तातो सहरमध्ये अधिकांश भारतमै रहेका थिए, जहाँ तापक्रम ४३ डिग्री सेल्सियसभन्दा माथि पुगेको थियो । यस्तो अवस्थाले देशका धेरै भागमा जनजीवन प्रभावित बनेको छ ।

प्रधानमन्त्री मोदीले आफ्नो कार्यालयमार्फत जारी गरेको सन्देशमा भारतका विभिन्न क्षेत्रमा तापक्रम निरन्तर बढिरहेको र यसले नयाँ चुनौती सिर्जना गरिरहेको उल्लेख गरे। उनले गर्मीको असरलाई हल्का रूपमा नलिन आग्रह गर्दै सबै नागरिकलाई आवश्यक सावधानी अपनाउन अपिल गरे।

उनले अत्यधिक गर्मीले शरीरमा पानीको कमी (डिहाइड्रेसन) ल्याउने, रगत गाढा बनाउने तथा गम्भीर अवस्थामा अङ्ग फेल हुने जोखिम हुने बताए। चेतावनीको संकेतलाई बेवास्ता गर्दा अवस्था अझ खतरनाक बन्न सक्ने र 'हिट स्ट्रोक' को सम्भावना बढ्ने उनको भनाइ छ ।

यसैबीच, गत साता मात्रै दक्षिणी राज्य तेलङ्गानामा गर्मीका कारण कम्तीमा १६ जनाको मृत्यु भएको रिपोर्ट गरिएको छ । गर्मीबाट बालबालिका, वृद्ध तथा बाहिर काम गर्ने श्रमिकहरू सबैभन्दा बढी जोखिममा रहेको प्रधानमन्त्रीले उल्लेख गरे।

भारत मौसम विज्ञान विभाग (आइएमडी) का अनुसार उत्तर प्रदेशको बान्दा सहरमा मंगलबार ४७.४ डिग्री सेल्सियस तापक्रम रेकर्ड गरिएको छ । यो सामान्यभन्दा ३.८ डिग्री बढी हो । यस महिनाको सुरुमै सोही क्षेत्रमा तापक्रम ४८.२ डिग्री सेल्सियससम्म पुगेको थियो ।

राजधानी नयाँदिल्लीमा बुधबार दिउँसो तापक्रम ४० डिग्री सेल्सियस मापन गरिएको छ। विज्ञहरूका अनुसार गर्मी बढ्दै जाँदा वन डढेलोको जोखिम पनि उच्च बन्दै गएको छ ।

यसै सन्दर्भमा भारतीय सेनाले हिमालयन क्षेत्रको पहाडी सहर कसौली नजिक लागेको डढेलो नियन्त्रण गर्न १६ घण्टाभन्दा बढी समयसम्म प्रयास गरेको जनाएको छ। सेनाका अनुसार वायु सेनाका हेलिकप्टरहरूले ठूलो मात्रामा पानी खसालेर आगो नियन्त्रणमा निर्णायक भूमिका खेलेका छन्, यद्यपि आगो निभाउने कार्य अझै जारी छ। मौसम विभागले गर्मी बढेसँगै देशका विभिन्न भागमा पानीको अभाव गहिरिँदै गएको चेतावनीसमेत दिएको छ । 'नदीहरू सुक्ने, भू-जल स्तर घट्ने, खडेरी र पानी सङ्कट बढ्ने अवस्थाबीच प्रत्येक थोपा महत्त्वपूर्ण हुन्छ' भन्दै विभागले नागरिकलाई पानी बचत गर्न आग्रह गरेको छ ।

विशेषज्ञहरूका अनुसार जलवायु परिवर्तनका कारण उष्ण लहरहरू पहिलेभन्दा लामो, बारम्बार र बढी तीव्र हुँदै गएका छन् । दिनको उच्च तापक्रमसँगै राति पनि न्यून तापक्रम नघट्दा मानिसहरूलाई राहत मिल्न कठिन भइरहेको छ ।

भारतमा हालसम्मकै उच्च आधिकारिक तापक्रम सन् २०१६ मा राजस्थानको फलोदीमा ५१ डिग्री सेल्सियस रेकर्ड गरिएको थियो । वर्तमान अवस्थाले त्यसतर्फ पुनः उन्मुख हुने संकेत देखिन थालेको भन्दै स्वास्थ्य र वातावरणीय जोखिमप्रति थप सतर्कता अपनाउन विशेषज्ञहरूले आग्रह गरेका छन् ।

## विद्यार्थीलाई....

हो। कार्यक्रममा विद्यालयका कोर्डिनेटर रंगराजन चौरसिया, रवि चौरसिया, वीरगञ्ज कपडा बैंकका अध्यक्ष लालबाबु सिंह, सामुदायिक प्रहरीका उपाध्यक्ष सन्जु दहाल, सल्लाहकार सुशील बर्णवाल, प्रहरी जवान रेणु राय यादव र सुरज सिंहलगायत शिक्षक तथा विद्यार्थीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि एवं प्रशिक्षक सप्रनी यादवले साइबर अपराधको स्वरूपबारे जानकारी दिँदै यसले मानिसलाई आर्थिक रूपमा ठग्ने, मानसिक तनाव दिने, ब्ल्याकमेल गर्ने तथा कतिपय अवस्थामा आत्महत्यासम्मका घटनामा पुर्‍याउने खतरा रहेको बताए । उनले विद्यार्थीहरूलाई समयमै सचेत रहन र आफ्नो परिवार तथा समाजलाई समेत साइबर अपराधबारे जागरुक बनाउन आग्रह गरे ।

यादवले विभिन्न वृतचित्र, तस्वीर तथा सन्देशमूलक नारामार्फत साइबर अपराधका उदाहरण प्रस्तुत गर्दै यससम्बन्धी कानुनी सजायबारे पनि जानकारी गराएका थिए। कार्यक्रममा विद्यार्थीहरूले राखेका जिज्ञासाको उनले विस्तृत रूपमा उत्तर दिएका थिए ।

कार्यक्रमका अध्यक्ष मार्टिन मोक्तानले साइबर अपराधले लोभ, लालच र विभिन्न प्रलोभनमार्फत युवापुस्तालाई आफ्नो जालमा फसाउने प्रयास गर्ने भएकाले यसबाट बच्न सामूहिक सचेतना आवश्यक रहेको बताए । उनले वडा प्रहरी कार्यालय बिर्ता, प्रशिक्षक, अतिथि तथा विद्यालय परिवारप्रति आभार व्यक्त गरेका थिए । विद्यालयका कोर्डिनेटर चौरसियाले विद्यार्थीहरूलाई समयानुकूल र संवेदनशील विषयमा सचेतना प्रदान गरेकोमा प्रहरी प्रशासनप्रति धन्यवाद व्यक्त गरे । उनले यस्ता कार्यक्रमले विद्यार्थीमा सकारात्मक सोच र सतर्कता विकास हुने विश्वास व्यक्त गरे ।

कार्यक्रम अन्तर्गत साइबर अपराध सम्बन्धी संक्षिप्त वक्तृत्व प्रतियोगिता पनि आयोजना गरिएको थियो । प्रतियोगितामा ११ जना विद्यार्थीले सहभागिता जनाएका थिए । जसमा कृष्ण कुशवाहा प्रथम भएका थिए । विजेतालाई प्रमुख अतिथि यादवले खादा तथा मायाको चिनो प्रदान गरी सम्मानित गरेका थिए ।

कार्यक्रमको स्वागत मन्तव्य अध्यक्ष मोक्तानले गरेका थिए भने सहजीकरण सचिव श्रवण बहादुर रायमाझीले गरेका थिए । कार्यक्रमको समापनमा विद्यालयका सह-कोर्डिनेटर शिक्षक रेडम बानियाले प्रमुख अतिथिलगायत सहभागीहरूलाई खादा तथा मायाको चिनो प्रदान गर्दै धन्यवाद ज्ञापन गरेका थिए ।

## गौर..............

त्यसैगरी नगरका आधारभूत स्वास्थ्य केन्द्रहरूको निरीक्षण गर्दै उहाँले औषधिहरूको उपलब्धता, स्वास्थ्यकर्मीहरूको उपस्थिति र बिरामीहरूले पाउने सेवाको अवस्थाबारे सोधपुछ गर्नुभयो । नागरिकलाई स्थानीय स्तरमै सहज र सुलभ स्वास्थ्य सेवा पुर्‍याउन नगरपालिका प्रतिबद्ध रहेको उहाँको भनाइ थियो ।

पूर्वाधार विकासका आयोजनाहरूमा भइरहेको प्रगति र निर्माण सामग्रीको गुणस्तरबारे पनि उहाँले विशेष चासो देखाउनुभएको छ। निर्माणाधीन सडक, ढल निकास र अन्य सार्वजनिक संरचनाहरूको अनुगमन गर्दै मेयर साहले भन्नुभयो:

विकास निर्माणका कार्यहरू तोकिएको समयमै सम्पन्न हुनुपर्छ। तर समयको नाममा गुणस्तरमा लापरबाही गर्ने छुट कसैलाई छैन। मापदण्ड अनुसार काम नभएको पाइएमा निर्माण कम्पनी र प्राविधिक दुवैलाई जवाफदेही बनाइनेछ । नगरपालिकाका अनुसार यो अनुगमनको मुख्य उद्देश्य सेवा प्रवाहमा पारदर्शिता ल्याउनु कर्मचारीहरूलाई उत्तरदायी बनाउनु र सार्वजनिक सम्पत्तिको उचित सदुपयोग भएको सुनिश्चित गर्नु हो । सेवाग्राहीहरूले कर्मचारीबाट पाउने व्यवहार र सेवाको ढिलासुस्तीका बारेमा आएका जनगुनासोलाई सम्बोधन गर्न पनि यो निरीक्षण फलदायी हुने विश्वास लिइएको छ । अनुगमन टोलीमा नगरपालिकाका प्राविधिक शाखाका कर्मचारी, वडा अध्यक्षहरू र नगर कार्यपालिकाका सदस्यहरूको समेत सहभागिता रहेको थियो । नगरप्रमुख साहले आगामी दिनमा पनि यस्ता अनुगमन कार्यलाई निरन्तरता दिने र जनताले महसुस गर्ने गरी परिवर्तन ल्याउने उद्घोष गर्नुभएको छ।

**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :**

- ❖ विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- ❖ प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- ❖ बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
- ❖ विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- ❖ विपद् सम्बन्धी सचेतना फैलाऔं,
- ❖ विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

**फेटा गाउँपालिका**
**फेटा बारा**

**विश्रामपुर गाउँपालिका**
**विश्रामपुर, बारा**

**जनहितका लागि जारी गरिएको सन्देश**

- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाईंसराइँ, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय साशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रसाशकीय अधिकृत

नेपाल सरकार
भुमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमी व्यवस्थापन तथा अभिलेख बिभाग
भुमि प्रशसन कार्यलय
बारा कलैया
(भुमि प्रशासन शाखा )

भूमि प्रशासन कार्यालय, कलैया बाराबाट जारी भएको बारा जि. साविक गा.वि.स. गजभवानीपुर वडा नं. १ हाल महागढीमाई न.पा. वडा नं. १० बस्ने ज.ध. कृष्ण प्रसाद साह तेलीको नाउँको म्याद सरहको उपस्थित हुन आउने बारेको ३० दिने सार्वजनिक सूचना ।

बारा जि. रामपुर खे. वडा नं. ८ कि.नं. ३५२/१०९१ को क्षे.फ. ०-१०-४-४ जग्गालाई उत्तर दक्षिण चिरा पारी पुर्व तर्फबाट आधी म मोहीका भागमा छुट्याई बाँडफाँड गरी पाउँ भनी ज.ध. आसमहम्द मियाको निवेदन उपर तपाईं मोहीको नाउँमा रितपुर्वकको म्याद जारी गरी पठाउँदा म्याद बुझ्न नमानेको र सम्बन्धित वडा कार्यालय समेतले म्याद टाँस गर्न इन्कार गरेको हुँदा निवेदकको माग बमोजिम भू.स.ऐन, २०२१ को दफा २६(१) र २६(घ) बमोजिम उक्त जग्गाको बाँडफाँड हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र स-प्रमाण उपस्थित हुनुहोला । अन्यथा म्यादभित्र उजुरबाजुर नगरे कानून बमोजिम भईजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## मोटरसाईकल हराएको सुचना

बाराको जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २ स्थित जनहित उपभोक्ता समितिको कार्यालय अगाडी पार्क गरी राखेको हुलास फिनसर्भ हायर पर्चेज लि. टेकु १२ काठमाण्डौ र ऋणी विशाल प्रसाद घिमिरेको नाममा रहेको बजाज कम्पनीको च्यासिस नम्बर : MD2A11EX3TPL50535 र ईन्जीन नम्बर DHXPTL73481 भएको लु.प्र.०१–०१३प ७०१३ नम्बरको कालो /निलो रङ्गको पल्सर १५० सिसि मोटरसाईकल यहि मिति २०८३/०१/०६ गते अन्दाजी मध्यान्न १२:१५ बजे हराएको हुँदा फेला पार्ने महानुभावले मोवाईल नम्बर ९८५५०२४५७९ मा वा नजिकको प्रहरी कार्यालयमा बुझाई सहयोग गरिदिनुहुन अनुरोध गर्दछु ।

## मोटरसाईकल हराएको सुचना

बिरगंज कारागारको मुल गेटको पार्किङमा पार्क गरी राखेको हुलास फिनसर्भ हायर पर्चेज लि. टेकु १२ काठमाण्डौ र ऋणी अर्जुन कुमार मिश्रको नाममा रहेको बजाज कम्पनीको च्यासिस नम्बर **MD2A13EX5SCB82771** र ईन्जीन नम्बर **DKXCSA20846** भएको मधेश प्रदेश ०३-०३७ प ९४९० नम्बरको कालो रातो रङ्गको पल्सर २२० सिसि मोटरसाईकल यहि मिति २०८३/०२/१३ गते अन्दाजी मध्यान्न ०१:२७ बजे हराएको हुँदा फेला पार्ने महानुभावले मोबाईल नम्बर ९७०५७१८८०६ मा वा नजिकको प्रहरी कार्यालयमा बुझाई सहयोग गरिदिनुहुन अनुरोध गर्दछु ।

## मानवअधिकार....

निशान मैनालीसमेतलाई आयोगले अनुसन्धानको सूचीमा राखेको छ।

आयोगका अनुसार ती व्यक्तिहरूले दिएका अभिव्यक्तिका कारण प्रदर्शनकारी थप उत्तेजित भएको वा सार्वजनिक शान्ति भंग गर्न प्रेरित भएको हुनसक्ने आशंका देखिएको छ । त्यसैले उनीहरूको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता रहेको-नरहेको विषयमा गहिरो अनुसन्धान गरी तथ्य सार्वजनिक गर्न आयोगले सरकारलाई निर्देशनात्मक सिफारिस गरेको हो ।

प्रतिवेदनमा "स्वच्छ सुनुवाइको हक" सुनिश्चित गर्नुपर्नेमा विशेष जोड दिइएको छ । आयोगले कुनै पनि व्यक्तिमाथि पूर्वाग्रह नराखी निष्पक्ष अनुसन्धान गर्न, प्रमाणका आधारमा दोषी देखिए मात्रै कानुनी कारबाही अघि बढाउन तथा आम नागरिकलाई अनुसन्धानको प्रगति बारे सुसूचित गराउन आग्रह गरेको छ ।

यसैबीच आयोगले पूर्वप्रधानन्यायाधीश सुशीला कार्की र पूर्वगृहमन्त्री सुधन गुरुङमाथिसमेत थप अनुसन्धान गर्नुपर्ने उल्लेख गरेको छ। आयोगकी सदस्य डा. लिली थापाको संयोजकत्वमा बनेको समितिले आन्दोलनअघि र आन्दोलनका क्रममा दिएका सार्वजनिक अभिव्यक्तिले आन्दोलनलाई दुरुत्साहन गरेको वा नगरेको विषयमा समेत अनुसन्धान हुनुपर्ने निष्कर्ष निकालेको हो ।

मानवअधिकार उल्लंघन, सार्वजनिक सम्पत्तिमा क्षति तथा मानवीय हताहती भएको घटनामा कसको कति भूमिका रह्यो भन्ने विषय अझै स्पष्ट नभएको भन्दै आयोगले विस्तृत अनुसन्धानपछि मात्रै कानुनी निष्कर्षमा पुग्नुपर्ने धारणा अघि सारेको छ ।

आयोगको प्रतिवेदन सार्वजनिक भएसँगै राजनीतिक वृत्तमा नयाँ बहस सुरु भएको छ । विशेषगरी अभिव्यक्ति स्वतन्त्रता र सार्वजनिक जिम्मेवारीबीचको सीमारेखाबारे कानुनी तथा राजनीतिक प्रश्न फेरि उठ्न थालेका छन् ।

**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :**

- ❖ विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- ❖ प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- ❖ बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
- ❖ विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- ❖ विपद् सम्बन्धी सचेतना फैलाऔं,
- ❖ विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

**महागढीमाई नगरपालिका**
**बरियारपुर ,बारा**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा**

# गर्मीयाम बढेसँगै उपभोक्ताको आकर्षण, सय पिसको मूल्य ४०० देखि ५०० रूपैयाँसम्म

*शु.आ. सम्बाददाता*
*कलैया, १३ जेठ*



गर्मीयामसँगै बजारमा मौसमी फलफूलको चहलपहल बढ्न थालेको छ । विशेषगरी बाराको सदरमुकाम कलैया बजारमा यतिबेला लिचीको व्यापार उल्लेख्य रूपमा बढेको देखिएको छ। बजारका विभिन्न सडक किनार, फलफूल पसल तथा हाटबजार क्षेत्रमा लिची बिक्री गर्ने व्यापारीहरूको भीड लाग्न थालेपछि बजारमा छुट्टै रौनक देखिएको छ ।

उपभोक्ताहरू पनि स्वादिलो, रसिलो तथा गर्मीमा शीतलता दिने फलका रूपमा लिचीप्रति आकर्षित भइरहेका छन्। बिहानदेखि साँझसम्म बजारमा लिची खरिद गर्नेहरूको भीड देखिन थालेको व्यापारीहरू बताउँछन्।

व्यापारीका अनुसार अहिले कलैया बजारमा लिचीको मूल्य गुणस्तर र आकारअनुसार सय पिसको ४०० रुपैयाँदेखि ५०० रुपैयाँसम्ममा बिक्री भइरहेको छ। भारतको सीमावर्ती क्षेत्र तथा नेपालकै विभिन्न जिल्लाबाट ल्याइने लिची बजारमा पर्याप्त मात्रामा उपलब्ध रहेको बताइएको छ।

कलैयाका स्थानीय व्यापारी रामबाबु साहका अनुसार केही साताअघि बजारमा लिची कम मात्रामा आएको थियो, तर अहिले आपूर्ति बढेसँगै व्यापार पनि राम्रो हुन थालेको छ । "गर्मी बढ्दै जाँदा लिची खोज्ने ग्राहक धेरै आउन थालेका छन् । बालबालिकादेखि वृद्धसम्म सबैले रुचाउने फल भएकाले बिक्री राम्रो भइरहेको छ," उनले भने ।

उपभोक्ताहरूले पनि बजारमा पाइने लिची ताजा र स्वादिलो रहेको प्रतिक्रिया दिएका छन् । स्थानीय उपभोक्ता सविता देवीले गर्मीमा लिची खान रुचाउने गरेको बताउँदै मूल्य केही महँगो भए पनि गुणस्तर राम्रो भएकाले खरिद गरिरहेको बताइन् ।

फलफूल व्यवसायीहरूका अनुसार जेठ र असार महिनामा लिचीको माग अझै बढ्ने अपेक्षा गरिएको छ । गर्मी मौसममा पानीयुक्त फलफूलको माग बढ्ने भएकाले व्यापारीहरू पनि लिची भण्डारण र बिक्रीमा सक्रिय देखिएका छन् ।

कलैया बजारमा लिचीको व्यापार बढेसँगै स्थानीय फलफूल व्यवसायीहरू उत्साहित भएका छन् भने उपभोक्ताले पनि मौसमी फलको स्वाद लिन पाएका छन् ।

# बारामा ४ किलो गाँजासहित एक महिला पक्राउ

*शु.आ. सम्बाददाता*
*बारा, १३ जेठ*



जिल्ला प्रहरी कार्यालय बाराले लागूऔषध गाँजासहित एक महिलालाई पक्राउ गरेको जनाएको छ। प्रहरीले गोप्य सूचनाका आधारमा चलाएको विशेष अपरेशनका क्रममा करिब ४ किलो गाँजा बरामद गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय बाराको निमित्त प्रवक्ता एवम् प्रहरी निरीक्षक सुरेश राज भट्टको अनुसार बुधबार बेलुका अस्थायी प्रहरी पोस्ट डुबरवानाबाट खटिएको प्रहरी टोलीले जीतपुरसिमरा उपमहानगरपालिका-१४ खयरघारी क्षेत्रमा शंकास्पद गतिविधिमाथि निगरानी गरेको थियो ।

निमित्त प्रवक्ता भट्टको अनुसार स्थानीय विक्रम स्याङतानको घरमा लुकाइछिपाई राखिएको अवस्थामा लागूऔषध गाँजा फेला परेको हो । उक्त गाँजा बरामद गर्दै प्रहरीले विक्रम स्याङतानकी श्रीमती ४८ वर्षीया मित्रा देवी स्याङतानलाई नियन्त्रणमा लिईएको छ।

प्रहरीले बरामद गरेको गाँजाको तौल करिब ४ किलो रहेको बताइएको छ । पक्राउ परेकी महिलामाथि लागूऔषध सम्बन्धी कसुरअन्तर्गत अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

घटनापछि जिल्ला अदालत बाराबाट ७ दिनको म्याद थप अनुमति लिएर थप अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रहरी निरीक्षक सुरेशराज भट्टले जानकारी दिएका छन् ।

प्रहरीले पछिल्लो समय सीमावर्ती तथा ग्रामीण क्षेत्रमा लागूऔषध कारोबार बढ्दै गएको भन्दै निगरानी र नियन्त्रण अभियानलाई तीव्र बनाइएको जनाएको छ । साथै लागूऔषध नियन्त्रणमा नागरिकको सहयोग आवश्यक रहेको उल्लेख गर्दै शंकास्पद गतिविधिबारे सूचना दिनसमेत आग्रह गरेको छ ।

# मानवअधिकार आयोगको प्रतिवेदनपछि रास्वपा सांसददेखि पूर्वपदाधिकारीसम्म अनुसन्धानको दायरामा

*काठमाडौं, १३ जेठ*




भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनसम्बन्धी घटनामा राष्ट्रिय मानवअधिकार आयोगले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का एक दर्जनभन्दा बढी सांसदसहित विभिन्न अभियन्ता, सामाजिक अभियन्ता, पूर्वपदाधिकारी र सामाजिक सञ्जालमार्फत सक्रिय व्यक्तिमाथि अनुसन्धान गरी आवश्यक कारबाही गर्न सिफारिस गरेको छ ।

आयोगले सार्वजनिक गरेको अनुसन्धान प्रतिवेदनमा आन्दोलनअघि, आन्दोलनका क्रममा तथा आन्दोलनपश्चात सार्वजनिक रूपमा दिइएका अभिव्यक्ति, सामाजिक सञ्जाल गतिविधि, समाचार सामग्री तथा राष्ट्रिय अनुसन्धान विभागले संकलन गरेको सूचनालाई आधार बनाएर सम्बन्धित व्यक्तिहरूको भूमिकामाथि सूक्ष्म अनुसन्धान गर्नुपर्ने निष्कर्ष निकालेको हो ।

प्रतिवेदनको "तथ्य र विश्लेषण" खण्ड अन्तर्गत प्रकरण नम्बर ३० मा उल्लेख गरिएका व्यक्तिहरूमाथि आन्दोलनलाई उक्साउने, सार्वजनिक शान्ति र सुव्यवस्थामा असर पार्ने तथा प्रदर्शनकारीलाई आक्रोशित र उत्तेजित बनाउने गतिविधि भए नभएको विषयमा अनुसन्धान गर्न सिफारिस गरिएको छ ।

आयोगले अनुसन्धानको दायरामा ल्याउन सिफारिस गरेका व्यक्तिहरूमध्ये गणेश कार्की, सुलभ खरेल, बब्लु गुप्ता, कृष्ण कार्की, डा. तोषिमा कार्की, राजिव खत्री, केपी खनाल, दीपक बोहरा, मनिष झा, ज्वाला संग्रौला, हेमराज थापा, विमल पन्त, खेमराज साउद, पुरुषोत्तम यादवलगायतका नाम उल्लेख छन् ।

त्यस्तै "हामी नेपाल" संस्थाका अध्यक्ष सुधन गुरुङ, अमनप्रताप अधिकारी, विवेक थपलिया, सिसन बानियाँ, आशिका तामाङ, असिममान बस्नेत, भाग्य न्यौपाने, टंक दाहाल, भिक्टर पौडेल, अंकित मल्ल, उमेश बोहरा, शिव यादव, विनोद देउवा, सरु सुनुवार, भीम उपाध्याय, रवि किरण हमाल, हरि ढकाल, निश्चल बस्नेत, सुशीला कार्की, ओमप्रकाश अर्याल, गौरीबहादुर कार्की, पशुपति खड्का, दुर्गा प्रसाई, उर्जा बराल, जेरी ताम्राकार, हेमसागर बिद्रोही, बुद्ध छिरिङ, सन्तोष राजावादी, अमित खनाल, दीपक देवकोटा, गौरव बराल, हिमानी राज्यलक्ष्मी सिंह तथा

*बाँकी तेश्रो पृष्ठमा*

# रास्वपा गौर नगर समितिको प्रथम अधिवेशन सम्पन्नः सभापतिमा सूर्य देव प्रसाद कोइराला चयन

*शु. आ. सम्बाददाता*
*रौतहट, १३ जेठ*




राष्ट्रिय स्वतन्त्र पार्टी रौतहटको जिल्ला सदरमुकाम गौर नगरपालिकाको प्रथम ऐतिहासिक नगर अधिवेशन भव्य रूपमा सम्पन्न भएको छ। परिवर्तनका लागि राजनीति भन्ने मूल नाराका साथ सम्पन्न उक्त अधिवेशनले गौर नगरपालिकाका लागि नयाँ नेतृत्व सर्वसम्मत रूपमा चयन गरेको छ ।

अधिवेशनले सूर्य देव प्रसाद कोइरालाको सभापतित्वमा नयाँ कार्यसमिति सर्वसम्मत रूपमा गठन गरेको हो । नगर समितिको उपसभापतिमा ज्योति गोयल, सचिवमा बबन गिरी, सह-सचिवमा लक्ष्मण प्रसाद कुशवाहा र कोषाध्यक्षमा राजु मुखिया चयन भएका छन् । नयाँ कार्यसमितिलाई पूर्णता दिन १० सदस्यीय कार्यसमिति सदस्यहरूको समेत चयन गरिएको छ । निर्वाचित सदस्यहरूमा ओम नारायण साह, सन्तोष पौडेल, मिना देवी, सुबोध कुमार पासवान, रुबी कुमारी श्रीवास्तव, नितेश जैसवाल, शान्ति कुमारी यादव, मुनटुन प्रसाद गुप्ता, सन्दीप प्रसाद जैसवाल र जयराम ठाकुर रहेका छन् ।

अधिवेशनको सफलतापछि नवनिर्वाचित सभापति कोइरालाले पार्टीको विचार र एजेन्डालाई नगरका हरेक टोलसम्म पुऱ्याउने प्रतिबद्धता व्यक्त गरे । उनले गौर नगरपालिकाभित्र व्याप्त भ्रष्टाचार बेथिति र विकास निर्माणमा देखिएका ढिलासुस्तीका विरुद्ध रास्वपाले सशक्त आवाज उठाउने बताए ।

पार्टीका जिल्ला तहका नेताहरूले नवनिर्वाचित टिमलाई बधाई दिँदै पार्टी संगठनलाई अझ सशक्त प्रभावकारी र जनमुखी बनाउँदै अगाडि बढ्न शुभकामना व्यक्त गरेका छन् । अधिवेशनमा सहभागी स्थानीयवासी तथा पार्टी कार्यकर्ताहरूले नयाँ नेतृत्वले गौरको समग्र विकास र नागरिकका समस्या समाधानमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरेका छन् । रास्वपाले गौर नगरबासीहरूलाई अधिवेशन सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याएकोमा विशेष धन्यवाद समेत ज्ञापन गरेको छ । नयाँ कार्यसमितिको चयनसँगै रौतहटमा रास्वपाको सांगठनिक विस्तारमा थप ऊर्जा थपिएको विश्लेषण गरिएको छ ।

# गौर नगरपालिकाका प्रमुख शम्भु साहद्वारा विद्यालय, स्वास्थ्य केन्द्र र विकास आयोजनाको आकस्मिक अनुगमन

*शु. आ. सम्बाददाता*
*रौतहट, १३ जेठ*



रौतहटको सदरमुकाम गौर नगरपालिकाका नगरप्रमुख शम्भु साहले नगर क्षेत्रभित्र संचालित विभिन्न सामुदायिक विद्यालय, आधारभूत स्वास्थ्य केन्द्र र निर्माणाधीन भौतिक पूर्वाधार आयोजनाहरूको स्थलगत अनुगमन तथा निरीक्षण गर्नुभएको छ ।

नगरको समग्र विकासको अवस्था र सेवा प्रवाहको प्रभावकारिता बुझ्न नगरप्रमुख साहले मंगलवार र बुधबार विभिन्न वडाहरूमा पुगी आकस्मिक अनुगमन गर्नुभएको हो। अनुगमनका क्रममा उहाँले शिक्षा र स्वास्थ्य जस्ता आधारभूत क्षेत्रको गुणस्तरमा कुनै सम्झौता नगर्न मातहतका कर्मचारी र सरोकारवालाहरूलाई कडा निर्देशन दिनुभएको छ ।

नगरप्रमुख साहले नगरका विभिन्न सामुदायिक विद्यालयहरूको भ्रमण गरी शैक्षिक वातावरण, विद्यार्थीको उपस्थिति र शिक्षकहरूको नियमितताको बारेमा जानकारी लिनुभयो। हाम्रो प्राथमिकता गुणस्तरीय शिक्षा हो। विद्यालयहरूमा तोकिएको मापदण्ड अनुसार पठनपाठन भइरहेको छ कि छैन र विद्यार्थीले पाउने सुविधामा कत्तिको पहुँच छ भन्ने कुरालाई हामीले नजिकबाट हेरिरहेका छौँ, मेयर साहले भन्नुभयो ।

*बाँकी तेश्रो पृष्ठमा*

# विद्यार्थीलाई सचेत रहन र परिवारलाई पनि जागरूक बनाउन प्रहरीको आग्रह

*हरिकिशोर शर्मा*
*पर्सा, १३ जेठ*




सामुदायिक प्रहरी सेवा केन्द्र कुम्हालटोलले वीरगञ्ज महानगरपालिका-१९ नगवास्थित सनलाईट स्कुलमा साइबर अपराध सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ। प्रहरी-सामुदायिक साझेदारी कार्यक्रम अन्तर्गत वडा प्रहरी कार्यालय बिर्ताको सहयोगमा आयोजित कार्यक्रममा विद्यार्थीहरूलाई साइबर अपराधका जोखिम, असर तथा कानुनी पक्षबारे जानकारी गराइएको हो ।

विद्यालयमा अध्ययनरत कक्षा १० का विद्यार्थीहरूलाई लक्षित गरी आयोजना गरिएको कार्यक्रममा साइबर अपराधबाट हुने मानसिक, सामाजिक तथा आर्थिक क्षतिबारे विशेष प्रशिक्षण दिइएको थियो। कार्यक्रममा सहभागी विद्यार्थीहरूलाई सामाजिक सञ्जालको सुरक्षित प्रयोग, अनलाइन ठगी, ब्ल्याकमेल, फेक आइडी, साइबर बुलिङलगायतका विषयमा सचेत बनाइएको थियो ।

सामुदायिक प्रहरी कुम्हालटोलका सल्लाहकार मार्टिन मोक्तानको अध्यक्षता तथा वडा प्रहरी कार्यालय बिर्ताका सहायक प्रहरी निरीक्षक राम बिनेश कुमार यादवको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको

*बाँकी तेश्रो पृष्ठमा*

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका